# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, भदौ १९ गते २०६३ साल (अतिरिक्तांक ३३


## भाग २

नेपाल सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

प्रतिनिधिसभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधिसभाले बनाएको तल लेखिएबमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

२०६३ सालको ऐन नं. ३

### आर्थिक वर्ष २०६३/०६४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्न र विनियोजन गर्न व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : आर्थिक वर्ष २०६३/०६४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

प्रतिनिधि सभाको घोषणा, २०६३ जारी भएको पहिलो वर्षमा प्रतिनिधि सभाले यो ऐन बनाएकोछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०६३" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०६३।०६४ को निमित्त सञ्चित कोषबाट खर्च गर्ने अधिकार : आर्थिक वर्ष २०६३/०६४ को निमित्त अनुसूची-१ बमोजिम सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च र महल ५ मा उल्लिखित पूँजीगत खर्च रकम समेत गरी महल ६ मा उल्लिखित जम्मा रु. १,२०,२५,९३,२९,०००/- (अक्षरेपी एक खर्ब बीस अर्ब पच्चीस करोड त्रियानब्बे लाख उनन्तीस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजन : (१) यो ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६३/०६४ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरुमा


अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्चतर्फ विनियोजित रकम सावाँ भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र सावाँ भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालू तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान संख्या ८६ देखि ९५ सम्म विनियोजन भएको रकम अनुदान संख्या ११ देखि ९५ सम्मको जुन जुन अनुदान संख्यामा निकासा र खर्च हुने हो सोही अनुदान संख्यामा जतिसुकै रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन ।

४. प्रचलित अन्य कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई जाने नि:शर्त अनुदानको अख्तियारी अर्थ मन्त्रालयले स्थानीय निकायलाई दिनेछ । यस्तो रकमबाट भएको खर्चको अनुगमन र केन्द्रीय लेखा स्थानीय विकास मन्त्रालयले तयार गर्नु पर्नेछ ।

५. विनियोजन अध्यादेश, २०६२ निष्क्रिय भएपछि त्यसको परिणाम : विनियोजन अध्यादेश, २०६२ निष्क्रिय भएपछि अर्को अभिप्राय नदेखिएमा सो निष्क्रियताले,-

(क) सो अध्यादेश निष्क्रिय हुँदाको बखत चल्ती नभएको वा कायम नरहेको कुनै कुरा पनि जगाउने छैन ।

(ख) सो अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघि नै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

(ग) सो अध्यादेश बमोजिम पाएको, हासिल गरेको वा भोगेको कुनै हक सुविधा, कर्तव्य वा दायित्वमा असर पार्ने छैन ।

(घ) सो अध्यादेश बमोजिम गरिएको कुनै दण्ड, सजाय वा जफतलाई असर पार्ने छैन ।

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व वा दण्ड सजायका सम्बन्धमा गरिएको कुनै काम कारबाही वा उपायलाई असर पार्ने छैन र उक्त अध्यादेश कायम रहे सरह त्यस्तो कुनै कानूनी कारबाही वा उपायलाई पनि शुरु गर्न, चालू राख्न वा लागू गर्न सकिनेछ ।

अनुसूची–१
(दफा २ सँग सम्बन्धित)
नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार
सञ्चित कोषमाथि व्ययभार हुने रकम

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | सञ्चित कोषमाथि व्ययभार हुने रकम (रु. हजारमा) |
| १ | ११ | राजदरबार | १५४७०० |
| २ | १३ | संसद | ५२८० |
| ३ | १४-३-११० | सर्वोच्च अदालत | ७१४५० |
| ४ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ६०७५० |
| ५ | १६ | महालेखा परीक्षकको कार्यालय | ७४२०५ |
| ६ | १७ | लोक सेवा आयोग | ७०४४३ |
| ७ | १८ | निर्वाचन आयोग | ८५२०० |
| ८ | ८१ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | १२३३५०१८ |
| ९ | ८२ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ८११५००० |
| १० | ८३ | अर्थ मन्त्रालय-वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | २५१७९१८ |
| ११ | ९५-३-५४० | अर्थ मन्त्रालय विविध-दण्ड जरिबाना फिर्ता | १०३००० |
| | | जम्मा | २३६५२९७१ |


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची- २
(दफा २ संग सम्बन्धित)

### सञ्चित कोषबाट खर्च हुने रकम

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्रम संख्या | अनुदान संख्या | शीर्षकको नाम | चालू खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | पूँजीगत खर्चतर्फ विनियोजित रकम (रु.हजारमा) | जम्मा विनियोजित रकम (रु.हजारमा) |
| १ | ११-३-१५१ | राजदरबार | ५५००० | ० | ५५००० |
| २ | १३ | संसद | २१९२८८ | ८८०० | २२८०८८ |
| ३ | १४ | अदालत | ५८२५६० | २६७८८० | ८५०४४० |
| ४ | १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १५९९० | ४००० | १९९९० |
| ५ | १६ | महालेखा परीक्षकको कार्यालय | ३८५० | ११२०० | १५०५० |
| ६ | १७ | लोक सेवा आयोग | ३३०० | ४४९०० | ४८२०० |
| ७ | १८ | निर्वाचन आयोग | १२८४००० | ० | १२८४००० |
| ८ | १९ | महान्यायाधिवक्ताको कार्यालय | १२३७१५ | ४६०५ | १२८३२० |
| ९ | २० | न्याय परिषद् | ५३२८ | २०० | ५५२८ |
| १० | २६ | उप-प्रधानमन्त्रीको कार्यालय | २०८३ | ३०० | २३८३ |
| ११ | २७ | राष्ट्रिय सतर्कता केन्द्र | ३०१४७ | ६४५ | ३०७९२ |
| १२ | ३० | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २८८६८२ | १२११६३३ | १५००३१५ |
| १३ | ३५ | अर्थ मन्त्रालय | ८३७६७७ | ५२३२३२ | १३६०९०९ |



* आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | ३८ | उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९५१३१० | १९१८३३ | ११४३१४३ |
| १५ | ३९ | कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ३१८८५ | ८२० | ३२७०५ |
| १६ | ४० | कृषि तथा सहकारी मन्त्रालय | ३१२२६३९ | ३९३६४० | ३५१६२७९ |
| १७ | ४५ | गृह मन्त्रालय | ८३४१३२० | ४५६२१५ | ८७९७५३५ |
| १८ | ४७ | जलस्रोत मन्त्रालय | ५४८०६५ | ३६३८६२६ | ४१८६६९१ |
| १९ | ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | १२११६७० | ११९८४९९० | १३१९६६६० |
| २० | ४९ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २८०१८८७ | २६८५५५३ | ५४८७४४० |
| २१ | ५० | परराष्ट्र मन्त्रालय | १०३६२२२२ | २२४२२४ | १०५८६४४६ |
| २२ | ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ७२४२७७ | ७१४२९ | ७९५७०६ |
| २३ | ५६ | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ४३१४८९ | १०९६१ | ४४२४५० |
| २४ | ५८ | रक्षा मन्त्रालय | ९४७६७३२ | ८८९४९५ | १०३६६२२७ |
| २५ | ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | १८१२१३५ | १७६४६३ | १९८८५९८ |
| २६ | ६१ | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | २५१६८९ | १०९७१६० | १३४८८४९ |
| २७ | ६५ | शिक्षा तथा खेलकूद मन्त्रालय | २११७८४३७ | १८२७०८८ | २३००५५२५ |
| २८ | ६६ | सामान्य प्रशासन मन्त्रालय | ७४४७८ | २४५० | ७६९२८ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २९ | ६७ | सूचना तथा संचार मन्त्रालय | १२१७६६८ | ४१४१२८ | १६३१७९६ |
| ३० | ६९ | स्थानीय विकास मन्त्रालय | २९६५९७२ | ८१९८०७७ | १११६४०४९ |
| ३१ | ७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ७८१६७०८ | १४१३४४४ | ९२३०१५२ |
| ३२ | ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | १७५०९२ | १०८०० | १८५८९२ |
| ३३ | ७८ | राष्ट्रिय योजना आयोगको सचिवालय | ३४४८७६ | १८७९३ | ३६३६६९ |
| ३४ | ८२ | अर्थ मन्त्रालय- लगानी वैदेशिक संस्थाहरु | ९०० | ० | ९०० |
| ३५ | ८७ | अर्थ मन्त्रालय- लगानी सार्वजनिक संस्थान | ० | ९०४४४६१ | ९०४४४६१ |
| ३६ | ९५ | अर्थ मन्त्रालय- विविध | ९८४०१७६ | २७६४६१७ | १२६०४७९३ |
| | | जम्मा | ७५२८५४६७ | ४४९७३८६२ | १२०२५९३२९ |

**प्रमाणिकरण मिति:- २०६३।५।१९।२**

**आज्ञाले,**
**डा. कुलरत्न भुर्तेल**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।–
गो.हु.द.नं. १६।०६३।६३ मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।